# नाटकको चौथो चरण कथामा रसविधान

**गोविन्दप्रसाद लुइटेल**
*नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
**E-mail:** *luitelgobinda@gmail.com*

**लेखसार**

*प्रस्तुत आलेख रसविधानको विश्लेषणमा आधारित छ । रस पूर्वीय साहित्यशास्त्रअन्तर्गतको महत्त्वपूर्ण सिद्धान्त हो । साहित्यिक रचनाको पठनबाट प्राप्त आनन्द वा भावको आस्वादनलाई साहित्यमा रस भनिन्छ । साहित्यमा रसको विशिष्ट प्रयोगबाट पाठकहृदय आह्लादित हुन्छ । यस अध्ययनमा 'नाटकको चौथो चरण' कथामा कुन रसको प्रयोग के कसरी भएको छ भन्ने कुराको निरूपण यही रससिद्धान्तका आधारमा गरिएको छ । यस अध्ययनमा विवेच्य कथामा रस सामग्रीका रूपमा आएका विभाव, अनुभाव, सञ्चारीभाव र स्थायी भावको बेग्लाबेग्लै विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यसका लागि प्राथमिक सामग्रीका रूपमा 'नाटकको चौथो चरण' कथालाई लिइएको छ । सामग्री विश्लेषणमा गुणात्मक पद्धतिको अवलम्बन गरिएको छ भने विश्लेषणको ढाँचामा रसविधानका सूचक निर्माण गरी त्यसकै आधारमा विश्लेषण गरिएको छ । विवेच्य कथामा नैनबहादुरकी श्रीमतीको मृत्युको हृदयविदारक घटनाको उचित विन्यासबाट करुण रसलाई परिपाक गराइएको छ । यस कथामा करुण रसको अभिव्यक्ति पाठकहृदयलाई विदारण गर्न सक्षम भएकाले त्यो प्रबल रूपमा आएको छ । विभाव, अनुभाव सञ्चारीभावको उचित संयोजनबाट शोक स्थायीभाव उद्‌बुद्ध भई करुण रस परिपाक भएकाले रसविधानका दृष्टिले प्रस्तुत कथा महत्त्वपूर्ण र उत्कृष्ट रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : *अनुभाव, आलम्बन, उद्दीपन, सञ्चारी भाव, स्थायी भाव*

## विषयपरिचय

पारिजात (वि.सं. १९९४-२०५०) नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् । उनी कथाकार, उपन्यासकार, कवि, नाटककार र संस्मरण लेखकका रूपमा परिचित छिन् । कथाकारका रूपमा पारिजात ख्यातिप्राप्त कथाकार हुन् । नेपाली साहित्यको कथाविधामा उनको महत्त्वपूर्ण योगदान रहेको छ । उनका प्रकाशित कथासङ्ग्रहहरूमा आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँशु (२०४३) र वधशाला जाँदा आउँदा (२०४९) पर्दछन् । पारिजातको कथायात्रालाई समग्रमा दुई चरणमा विभाजन गर्न सकिन्छ । उनको कथायात्राको पूर्वार्द्ध चरण प्रयोगवादी लेखनका रूपमा परिचित रहेको पाइन्छ भने उत्तरार्द्ध चरण प्रगतिवादी लेखनमा प्रतिबद्ध रहेको छ । पूर्वार्द्ध चरणमा जीवनको विसङ्गत पक्षलाई लिएर जीवनप्रति निराशा एवम् नकारात्मक दृष्टिकोण प्रस्तुत गरे पनि कथायात्राको पछिल्लो चरणमा उनी जीवनप्रति निकै आशावादी भएर देखापरेकी छन् । व्यक्ति, समाज एवम् सिङ्गो युगकै बेथितिप्रति आक्रोश र विद्रोह व्यक्त गर्दै असमान आर्थिक अवस्था र ह्रासोन्मुख मानवीय मूल्यले सिर्जित जटिल समस्याको कलात्मक प्रस्तुति उनका कथामा पाइन्छ । राज्यबाट उपेक्षित गरिब, किसान,

मजदुर, दलित, महिला तथा सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक जुनसुकै हिसाबबाट शोषितपीडित बनेका व्यक्ति, वर्ग, समूह वा समुदायलाई पारिजातले आफ्ना कथामा महत्त्व दिएकी छन् । प्रस्तुत 'नाटकको चौथो चरण' कथा यस प्रवृत्तिको महत्त्वपूर्ण कथा हो । यस कथामा गरिबी र अभावमा पिल्सिएका निम्नवर्गीय मानिसहरू राज्यबाट शोषितपीडित तथा उपेक्षित भई उपचार गर्नबाट समेत वञ्चित हुँदा कसरी मृत्युवरण गर्न बाध्य हुन्छन् भन्ने कुरालाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको विभिन्न कोणबाट प्रशस्त अध्ययन-विश्लेषण भए पनि रसविधानका पक्षबाट भने कुनै पनि अध्ययन हुनसकेको देखिँदैन । अतः रसविधानका दृष्टिले प्रस्तुत कथाको अध्ययन औचित्यपूर्ण प्राज्ञिक विषयका रूपमा देखापर्दछ ।

पूर्वीय साहित्यशास्त्रमा रस सिद्धान्त सबभन्दा जेठो साहित्य सिद्धान्त हो । रसले विभिन्न अर्थलाई बुझाए तापनि साहित्यका क्षेत्रमा साहित्यिक रचनाबाट प्राप्त आनन्द र त्यसको आस्वादनलाई रस भनिन्छ । 'रस्यते असौ रसः' अर्थात् रस त्यस्तो पदार्थ हो, जसको आस्वादन होस् भन्ने मान्यता रहँदै आएको पाइन्छ । रस सामग्रीका रूपमा विभाव, अनुभाव, सञ्चारीभाव र स्थायीभाव आएका हुन्छन् । विभाव, अनुभाव र सञ्चारीभावको उचित संयोजनबाट स्थायी भाव उद्बुद्ध भई रस परिपाक हुँदा रसविधानका दृष्टिले कुनै पनि कृति उत्कृष्ट ठहर्दछ र त्यो बढी आस्वाद्य हुन्छ । यस सन्दर्भमा विवेच्य 'नाटकको चौथो चरण' कथाको रसविधानको निरूपण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय हुन्छ । तसर्थ, प्रस्तुत कथाको रसविधान केकस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस अध्ययनको अनुसन्धेय समस्या हो र यस अध्ययनमा प्रस्तुत कथाको रसविधानको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## अध्ययनविधि तथा विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक अध्ययन भएको हुनाले अध्ययनकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । यसक्रममा पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीहरूको तथ्यापन गरी त्यसकै आधारमा सामग्री विश्लेषण गरिएको छ । यसमा पारिजातको 'नाटकको चौथो चरण' कथा प्राथमिक स्रोत सामग्रीका रूपमा रहेको छ भने यससँग सम्बद्ध पूर्वाध्ययनहरू द्वितीय सामग्रीका रूपमा रहेका छन् । सामग्री विश्लेषणमा गुणात्मक पद्धतिको अवलम्बन गरिएको छ भने विश्लेषणको ढाँचामा पाठविश्लेषण विधि अपनाइएको छ । प्रस्तुत अध्ययन मुख्यतः रसविधानसम्बन्धी अध्ययन भएको हुनाले यसमा रसविधानको अध्ययन गर्दा रसको सैद्धान्तिक पर्याधारका आधारमा प्राथमिक सामग्रीको विश्लेषण गरिएको छ । यसमा रसविधानका सूचक निर्माण गरी त्यसकै आधारमा सामग्री विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा व्याख्यात्मक र विवरणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययन समस्याको प्राज्ञिक तथा प्रामाणिक समाधानका लागि यसमा मुख्यतः रससिद्धान्तका प्रतिपादक भरतमुनिको रससम्बन्धी मान्यताको उपयोग गरिएको छ भने यस सिद्धान्तका व्याख्यानताहरूका अभिमतरूको पनि आधार लिइएको छ । रससम्बन्धी सैद्धान्तिक मान्यता एवम् अवधारणाहरूको चर्चा सामग्री विश्लेषणसँगसँगै गरिएको छ ।

## सैद्धान्तिक स्वरूप

'रस्' धातुमा 'अच्' (अ) प्रत्यय लागेर रस शब्द निर्माण भएको हो । यसको व्युत्पत्तिगत अर्थ वस्तु वा पदार्थको आस्वादनपरक गुण वा वस्तुको सारतत्त्व भन्ने हुन्छ । रसले विभिन्न अर्थलाई बुझाए तापनि साहित्यका क्षेत्रमा साहित्यिक रचनाबाट प्राप्त आनन्द र त्यसको आस्वादलाई रस भनिन्छ ।। काव्य वा साहित्यका सन्दर्भमा रसको प्रयोग विशिष्ट अर्थमा हुन्छ । साहित्यिक रचनाको पठनबाट प्राप्त आनन्द वा भावको आस्वादन नै रस हो । साहित्यका सन्दर्भमा रस एक सिसिमको रमणीय र आह्लादकारी अनुभूति हो, जसले मानवहृदयमा कुनै न कुनै तरिकाले भाव संवेदनालाई जगाउन सक्छ (उपाध्याय, २०४८, पृ. १८) । रससिद्धान्तका आदि चिन्तक

भरतमुनिले विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः भनेर रससूत्र प्रस्तुत गरेका छन् (भरत, २०४६, पृ. २२८)। उनी पछिका विद्वान्हरूले उनको रससूत्रको व्यापक व्याख्या गरेका छन् । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुन्छ भन्ने भरतमुनिको मान्यता रहेको छ । उनले जसरी धेरै पदार्थहरू (मसलाहरू) ले युक्त व्यञ्जन मिठो (स्वादिलो) मानिन्छ र भोजन कर्ताले मिठो मानेर खान्छ, त्यसै गरी विभिन्न भाव र अभिनयले युक्त नाट्य रसलाई भावकका मनले आस्वादन गर्दछ भनेर भनेका छन् । उनको रससूत्रको आधारभूत व्याख्याबाट रस आस्वाद्य हुन्छ र विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो भन्ने निष्कर्ष निस्किन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ४४) । भरतमुनिको रससम्बन्धी व्याख्या नाटककेन्द्री भए पनि त्यसले रस साहित्यको सौन्दर्य हो भन्ने कुरालाई प्रस्ट पार्दछ ।

विश्वनाथले काव्यलाई चिनाउने सन्दर्भमा वाक्यं रसात्मकं काव्यम् भनेर काव्यमा रसको महत्त्व दर्साएका छन् (विश्वनाथ, सन् १९७७, पृ. ६५) । साहित्यिक रचनामा रस के हो र यो कसरी आएको हुन्छ भन्ने सन्दर्भमा के भन्न सकिन्छ भने कुनै कृति पढेपछि वा नाटक हेरेपछि विभाव, अनुभाव, व्याभिचारी भाव र स्थायी भावबाट निष्पन्न भावकका चित्तवृत्तिमा रहेको आनन्दानुभूति नै रस हो । रस भावको निर्विकार अवस्था हो, यसले भावकलाई पछिसम्म आनन्दित तुल्याउँछ । रस वाक्यमा रहेको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । यसका उद्भव (प्रेरक) कारक तत्त्वहरू विभिन्न भाव हुन् (पराजुली, २०७२, पृ. ४) । पूर्वीय साहित्य चिन्तन परम्परामा रसलाई काव्यको आत्मा मान्दै ब्रह्मानन्द सहोदर मानिएको छ । रस निष्पत्तिका क्रममा विभिन्न उपकरणहरूको आवश्यकता पर्दछ, जसलाई रससामग्री भनिन्छ । विभाव, अनुभाव, सञ्चारी वा व्यभिचारी भाव र स्थायी भाव रससामग्रीहरू हुन् । स्थायीभाव मानिसको मनका सुषुप्त अवस्थामा रहेको हुन्छ । यही स्थायी भाव रस रूपमा परिणत हुने हुँदा यिनको अभिव्यक्तिका निम्ति कारण आदिको अपेक्षा हुन्छ र यिनै कारण आदि उपकरणहरूलाई, अनुभाव र सञ्चारी भावको संज्ञा दिइएको छ (उपाध्याय, २०४८, पृ. २६) । रससामग्री वा उपकरणहरूको चर्चा यहाँ बेग्लाबेग्लै शीर्षकमा गर्नु उपयुक्त हुन्छ ।

### विभाव

स्थायीभावलाई प्रकट वा प्रकाशन गर्ने कारण, हेतु, निमित्त वा साधनलाई विभाव भनिन्छ । यो मन वा शरीरको विशेष स्थितिमा विकसित हुने दशा वा अवस्था हो । शरीर वा अङ्ग र सात्विक अभिनयदद्वारा विशेष स्थितिमा मन वा शरीरमा उत्पन्न हुने दशा वा अवस्था विभाव हो भनेर भरतमुनिले नाट्यशास्त्र मा चिनाएका छन् । दर्शक वा पाठकका मनमा अवस्थित प्रेम, शोक, उत्साह, विस्मय, हाँसो, भय, क्रोध, निर्वेद आदि भावहरूको आस्वादनरूपी अङ्कुरलाई उमार्ने तत्त्वलाई विभाव भनिन्छ । यसले भावकका अन्तष्करणमा संस्कारका रूपमा स्थिर भएर रहने चित्तवृत्तिलाई प्रस्फुटित पारेर आस्वादनयोग्य बनाइदिन्छ । यसलाई भाव सम्प्रेषणको माध्यम भनिन्छ । विभाव आलम्बन विभाव र उद्दीपन विभाव गरी दुई किसिमको हुन्छ :

### आलम्बन विभाव

स्थायीभावको उदय गराउने कारणलाई आलम्बन विभाव भनिन्छ । काव्यवस्तुको आधार बन्ने वा आश्रय लिने तत्त्व आलम्बन विभाव हो । नायकनायिका वा वर्णनीय वस्तु रस निष्पत्तिको कारण भएकाले ती आलम्बन विभाव हुन् । यो पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारको हुन्छ । कृतिमा वर्णन गरेको विषय विषयालम्बन हो भने विषयको प्रभाव परी जसमा भाव अङ्कुरण हुन्छ त्यो आश्रयालम्बन हो ।

### उद्दीपन विभाव

स्थायीभावलाई उकास्ने वा उद्दीप्त पार्ने कारणलाई उद्दीपन विभाव भनिन्छ । खास गरी रसको उत्पत्ति गर्न उद्दीपकको काम गर्ने वातावरण, देश, काल तथा पर्यावरणलाई उद्दीपन विभाव भनिन्छ । रस र भावलाई उद्दीप्त बनाउने आलम्बनका चेष्टा, रूप, गुण, भूषण, परिवेश, नायकनायिकाका हाउभाउ, बगैँचा आदि  उद्दीपन विभाव हुन् । उद्दीपन विभाव स्वकीय र परकीय गरी दुई प्रकारका हुन्छन् ।  व्यक्ति विशेषको गुण र प्रकार स्वकीय उद्दीपन विभावमा पर्दछन् भने प्राकृतिक परिवेश परकीय उद्दीपन विभावमा पर्दछ ।

## अनुभाव

विभिन्न कारणले हृदयमा उद्‌बुद्धभावलाई बाहिर प्रकट गर्ने अङ्गका विभिन्न व्यापार र चेष्टालाई अनुभाव भनिन्छ । आलम्बन र उद्दीपनका माध्यमबाट मनमा उत्पन्न भएका भावलाई शरीरका अङ्ग र चेष्टाका माध्यमबाट क्रियात्मक रूपमा प्रस्तुत गर्ने भावलाई अनुभाव भनिन्छ । अनुभाव निम्नलिखित चार प्रकारका हुन्छन् :

**(क) आङ्गिक अनुभाव** : अङ्गउपाङ्गका प्रतिक्रिया, मुद्रा, चेष्टा, आँखा रातो हुनु, दाँत कट्‌कटाउनु आदि ।

**(ख) सात्विक अनुभाव** :  स्वेद, रोमाञ्च,  स्तम्भ, वैवर्ण्य, अश्रु, कम्प, प्रलय, स्वरभङ्ग आदि ।

**(ग) वाचिक / मानसिक अनुभाव** : मनभित्रबाट आवाज निकाल्नु, कम्पन, स्वरभङ्ग, ओठ काम्नु आदि ।

**(घ) आहार्य अनुभाव** : नर्तकले लगाएको पोसाक, आभूषण, शस्त्रअस्त्र आदि ।

### सञ्चारी भाव /व्यभिचारी भाव

स्थायीभावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई सञ्चारीभाव भनिन्छ । कुनै पनि कृतिमा रसलाई पोषण गर्न विभिन्न अस्थायी भावको संयोजन आवश्यक पर्छ । विश्वनाथले विभाव र अनुभावका आधारलाई पुष्टि गरी स्थायीभावलाई आमन्त्रण गर्ने अस्थायी भावलाई सञ्चारीभाव भनेका छन् । सञ्चारीभावले रसलाई आस्वादनीय बनाउँदछन् (मम्मट, सन् २००८, पृ. १००) । यो अस्थायी भएकाले बीचबीचमा देखापर्छ र स्थायीभावलाई विकसित गरी हराउँछ । यो अस्थिर र सञ्चरणशील भएकाले यसलाई सञ्चारीभाव भनिएको हो । सञ्चारीभावको सङ्ख्या ३३ मानिएको छ (शर्मा र लुइटेल, २०६१, पृ. ४३) । सञ्चारी भावहरू यसप्रकार रहेका छन् :

| | |
|---|---|
| **निर्वेद** : ज्ञान, आपत्ति आदिबाट उत्पन्न वैराग | **अवहित्था** : आन्तरिक भाव लुकाउने काम |
| **आवेग** : उत्पात आदिबाट उत्पन्न हडबड | **औत्सुक्य** : इच्छित प्राप्तिको उत्कण्ठा |
| **दैन्य** : गरिबी आदिबाट उत्पन्न दीनता | **उन्माद** : सनकबाट उत्पन्न विक्षिप्तता |
| **श्रम** : मिहिनेत आदिबाट उत्पन्न थकाइ | **शङ्का** : अनिष्टको कल्पना |
| **मद** : नसा आदिबाट उत्पन्न मात | **स्मृति** : पूर्वज्ञान वा कुराको सम्झना |
| **जडता** : अनिष्ट आदिबाट उत्पन्न जड अवस्था | **मति** : विवेक, कर्तव्यले गरिने काम |
| **उग्रता** : सुऱ्याइँबाट उत्पन्न प्रचण्ड अवस्था | **व्याधि** : विभिन्न विकारबाट उत्पन्न रोग |
| **मोह** : डर, दुःख आदिबाट विचेत हुने अवस्था | **त्रास** : चट्याङ आदिबाट उत्पन्न डर |
| **बिबोद** : निद्राबाट व्युँझने चेतना (जागरण, सचेतता) | **व्रीडा** : लाज, शरम |
| **स्वप्न** : निद्रामा सपना देख्ने अवस्था | **हर्ष** : खुसी |
| **अपस्मार** : मानसिक दुःखबाट उत्पन्न हुने रोग | **असूया** : अर्काको उन्नति देखेर हुने डाहा |
| **गर्व** : सम्पत्ति, प्रभाव आदिबाट उत्पन्न हुने घमन्ड | **विषाद्** : उपायहीन अवस्थाबाट उत्पन्न खिन्नता |
| **मरण** : आघात आदिबाट भएको मृत्यु | **धृति** : धैर्य, सन्तोष |
| **अलसता** : परिश्रमबाट उत्पन्न आलस्य | **चपलता** : चञ्चलता |
| **अमर्ष** : धैर्यशून्य, असह्य भएको अवस्था | **ग्लानि** : अङ्गको सिथिलता |
| **निद्रा** : थकाइबाट निद्रित हुने अवस्था | **चिन्ता** : दुखद वा शोकपूर्ण विचार |
| | **तर्क** : सन्देहबाट उत्पन्न तर्कना |

**स्थायीभाव**

रस निष्पत्तिका निम्ति अनिवार्य मानिएको एक प्रमुख तत्त्वभित्र स्थायीभाव पर्दछ । विभाव, अनुभाव र सञ्चारीभावले निश्चित वातावरण तयार पारेपछि एउटा स्थिर किसिमको भाव निर्मित हुन्छ, त्यसलाई नै स्थायी भाव भनिन्छ । सुरुदेखि अन्त्यसम्म स्थायी रूपले रहिरहने चित्तवृत्तिलाई स्थायीभाव भनिन्छ । स्थायीभावलाई विरोधी वा अविरोधी कुनै पनि भावनाले बिथोल्दैन र त्यो कहिले रहने कहिले हराउने नभई आरम्भदेखि अन्त्यसम्म निरन्तर रहिरहन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ४४) । जति वटा रस छन् त्यति वटै स्थायीभाव हुन्छन् । स्थायीभाव निम्नलिखित नौ प्रकारका हुन्छन् (विश्वनाथ, सन् १९७७, पृ. १०५) :

| **स्थायीभाव** | **रस** |
|---|---|
| रति/प्रीति | शृङ्गार |
| उत्साह | वीर |
| शोक | करुण |
| विस्मय/आश्चर्य | अद्भुत |
| क्रोध | रौद्र |
| हास/हाँसो | हास्य |
| घृणा /जुगुप्सा | बीभत्स |
| भय | भयानक |
| शम / निर्वेद | शान्त |

यसरी पूर्वीय साहित्यशास्त्रमा रस सिद्धान्त महत्त्वपूर्ण साहित्य सिद्धान्त हो । यसले कृतिमा रसको भूमिकालाई महत्त्व दिन्छ । प्रस्तुत अध्ययनमा उपर्युक्त सैद्धान्तिक पर्याधारमा आधारित रहेर 'नाटकको चौथो चरण' कथाको रसविधानको अनुशीलन गरिएको छ ।

## 'नाटकको चौथो चरण' कथामा आलम्बन विभाव

स्थायीभावलाई प्रकट वा प्रकाशन गर्ने कारण, हेतु वा निम्ति आलम्बन विभाव हो । कथावस्तुको आधारका रूपमा रहने यस तत्त्वलाई स्यायीभावको उदय गराउने कारणका रुपमा लिइन्छ । आलम्बन विभाव विषय र आश्रय गरी दुई प्रकारको हुन्छ । 'नाटकको चौथो चरण' कथामा विषयालम्बनका रूपमा नैनबहादुरकी श्रीमती आएकी छ भने आश्रयालम्बनका रूपमा नैनबहादुर रहेको छ । गरिबी, अभाव र राज्यबाट उपेक्षित भएर अकाल मृत्युवरण गर्न विवश भएकी नैनबहादुरकी श्रीमती प्रस्तुत कथाको विषय भएकी हुँदा ऊ कथामा विषयालम्बनका रूपमा रहेकी छ । उसको रुग्ण अवस्था तथा कारुणिक मृत्यु देखेर भावानुभूति गर्ने नैनबहादुर आश्रयालम्बन हो । कथामा विषयालम्बन र आश्रयालम्बन यसरी आएका छन् : "किस्नेकी आमा, मान्छेको आत्मा हुन्छ भन्ने सुनेको थिएँ, तैँले मेरो दुःख देखि हालिस् तेरो ज्यानलाई सद्दे बनाएर ल्याउन कम्मर कसेर गएको मैले तेरो लाश पनि ल्याउन सकिनँ । तर मैले सरकार, मान्छे सबै सबै चिनेँ, के म सितिमिति बिर्सन सक्छु र आज मेरो मुटुमा किला गाडेको दिन" (पारिजात, २०४९, पृ. १२) । प्रस्तुत कथामा सुरुदेखि अन्त्यसम्म नै किस्नेकी आमा अर्थात् नैनबहादुरकी श्रीमती विषयालम्बनका रूपमा आएकी छ भने आश्रयालम्बनका रूपमा सुरुदेखि नैनबहादुर रहेको छ । यिनीहरूको स्थान परिवर्तन भएको छैन ।

### 'नाटकको चौथो चरण' कथामा उद्दीपन विभाव

स्थायी भावलाई उकास्ने वा उद्दीपन पार्ने कारणलाई उद्दीपन विभाव भनिन्छ । प्रस्तुत कथामा प्रारम्भदेखि नै करुण रसको प्रयोग गरी त्यसलाई परिपाक अवस्थामा पुऱ्याइएको छ त्यसैले कथामा शोक स्थायी भावलाई उद्दीप्त पार्न नैनबहादुरकी श्रीमतीको दुखद मृत्यु र उसको मृत शरीर उद्दीपन विभावका रूपमा आएका छन् । मुखबाट रगत आउने अर्थात् क्षयरोगले सिकिस्त विरामी भएकी नैनबहादुरकी श्रीमतीको शरीर रोगले जीर्ण भइसकेको छ । ऊ पहेँली, ख्याउटी र फुकीढल देखिन्छे : "पहेँली ख्याउटी फुकीढल भएकी स्वास्नी मान्छे जो दाहोरो सास फेरिरहेकी थिई सुस्केरा जस्तो आवाजमा आफ्नो लोग्नेलाई भनी टुङ्गोमा पुग्छु जस्तो लागेको छैन मलाई, खै रगत त्यत्तिकै आइरहेछ' त्यसपछि उसले खोकी र आफूसँगै बोकेको झुत्रो भइसकेको सिँगो फरियामा थुक पोको पार्दै भनी- बोकेर आइयो भन्ने नाउँ मात्रै असाध्यै दुख्दो रहेछ, अहिले त रगत मात्रै छ" (पारिजात, २०४९, पृ. ८) । उसको यस्तो जीर्ण अवस्था शोक स्थायीभावको उद्दीपनका लागि कारणका रूपमा रहेको पाइन्छ । नैनबहादुर र उसकी श्रीमती उपचारका निम्ति काठमाडौं आएर सरकारी वीर अस्पतालमा पुगेपछि नैनकी श्रीमतीको अवस्था झनै कारुणिक बनेको छ । वीर अस्पतालमा डाक्टर र कर्मचारीको दुर्व्यवहार र हेपाहा प्रवृत्तिको सिकार बनेकी नैनकी श्रीमतीको अवस्था नाजुक हुन्छ : "यहाँ होइन, यहाँ होइन, उता लग्, यता कता ल्याएको, उता उता, जाँच्ने ठाउँ यहाँ होइन" (पारिजात, २०४९, पृ. ९) । उपचार गराउने ठाउँ कता हो भनेर मेसो नपाएको नैनबहादुर र उसकी श्रीमतीले वीर अस्पतालमा निकै धेरै सास्ती भोग्नुपर्छ ।

टेकु अस्पतालमा केही राम्रै व्यवहार भए पनि त्यहाँ पनि नैन बहादुरकी श्रीमती उपचार पाउन सक्दिन । ऊ सडकमै बेवारिसे बनेकी छ । उसको अवस्था टिठ लाग्दो छ । श्रीमतीको छातीको एक्सरे गर्न चेस्ट क्लिनिक खोज्न कालिमाटीतिर गएको नैबबहादुर फर्केर आउँदा नैनकी श्रीमतीको अलपत्र अवस्थामा बाटैमा मृत्यु हुन्छ । उसको मृत्यु हृदय विदारक छ । बाटामा अलपत्र अवस्थामा रहेको नैनकी श्रीमतीको ओइलिएको सागको मुठो जस्तो

चिसो भएको र लत्रक्क परेको शरीर शोक भावको उद्दीपनका निम्ति कारकका रूपमा रहेको छ । “तर किस्नेकी आमा नियतिको अस्पतालमा पुगिसकेकी थिई । ओइलाएको सागको मुठो जस्तो, चिसो भएको, एकातिर लत्रक्क परी ऊ” (पारिजात, २०४९, पृ. ११) । नैनकी श्रीमतीको यस किसिमको कारुणिक मृत्युबाट नैनबहादुरको मनमा सुषुप्त अवस्थामा रहेको शोकभाव जागृत भएको छ ।

## ‘नाटकको चौथो चरण’ कथामा अनुभाव

विभिन्न कारणले हृदयमा उद्‌बुद्ध भाव व्यक्त गर्ने चेष्टाहरू अनुभाव हुन् । प्रस्तुत कथामा शोकभावलाई व्यक्त गर्न विभिन्न किसिमका आङ्गिक, सात्विक, मानसिक र आहार्य अनुभावहरू व्यक्त भएका छन् । रोगले सिथिल भएकी नैनबहादुरकी श्रीमतीको लामो निःश्वास, उसले रगत बान्ता गर्ने गरी खोक्नु, अस्पताल तथा डाक्टर नभेट्दा नैन बहादुरमा डर तथा थकानले पसिना आउनु, श्रीमतीको मृत्युपछि नैन बहादुरको गला अवरुद्ध हुनु, भयका कारण उसको शरीरको व्यापार रोकिनु आदि यस कथामा शोक भावलाई परिपाक बनाउनका निम्ति आएका अनुभाव हुन् : “पहेँली ख्याउटी फुकीढल भएकी स्वास्नी मान्छे जो दाहोरो सास फेरिरहेकी थिई सुस्केरा जस्तो आवाजमा आफ्नो लोग्नेलाई भनी टुङ्गोमा पुग्छु जस्तो लागेको छैन मलाई, खै रगत त्यत्तिकै आइरहेछ’ त्यसपछि उसले खोकी र आफूसँगै बोकेको भुत्रो भइसकेको सिँगो फरियामा थुक पोको पार्दै भनी– बोकेर आइयो भन्ने नाउँ मात्रै असाध्यै दुख्दो रहेछ, अहिले त रगत मात्रै छ”(पारिजात, २०४९ , पृ. ८) । यस उद्धरणमा नैनबहादुरकी श्रीमतीको रोगले शिथिल भएको अवस्थाको चित्रण गरिएको छ । यस स्थितिका कारण यसमा नैनबहादुरकी श्रीमती र नैनबहादुरका माध्यमबाट विभिन्न किसिमका आङ्गिक, सात्विक, मानसिक र आहार्य अनुभावहरू अभिव्यक्त भएका छन् ।

## ‘नाटकको चौथो चरण’ कथामा सञ्चारीभाव

कथामा मुख्य रसलाई सहयोग गर्न विभिन्न किसिमका अस्थायी भावहरू आउँछन् र स्थायीभावलाई आमन्त्रण गर्दै रसनिष्पत्ति गर्न सहयोग पुऱ्याउँदछन् । ‘नाटकको चौथो चरण’ कथामा नैनबहादुरकी श्रीमतीको रुग्ण अवस्था र दुखद् मृत्युलाई बढी संवेदनशील र कारुणिक बनाउन विभिन्न सञ्चारी भावहरूले सहयोग गरेका छन् । यस कथामा श्रम, विषाद, व्याधि, दैन्य, मरण, अश्रु, चिन्ता, मति, अमर्ष, आलस्य, स्मृति, निर्वेद, ग्लानि जस्ता सञ्चारी भावहरू आएका छन् । यहाँ यी भावहरूलाई कथाका साक्ष्यसहित चर्चा गरिएको छ ।

**व्याधिभाव**

नैनबहादुरकी श्रीमती क्षयरोगले सिकिस्त बिरामी परेकी छ । यो व्याधिभाव हो । नैनबहादुरले आफ्नी श्रीमतीलाई जसोतसो गरेर बोकेर गाडी चढाउन बाह्रबिसेको बस स्टपसम्म ल्याइपुऱ्याएको छ तर उसकी श्रीमतीको अवस्था भने नाजुक हुँदै गइरहेको छ। ऊ रगत बान्ता गरिरहन्छे र टुङ्गोमा नपुगिने हो कि भनेर शङ्का व्यक्त गर्छे। उसको रुग्ण अवस्था कारुणिक छ। कथाको यस साक्ष्यले यस कुरालाई स्पष्ट पारेको छ : "पहेँली ख्याउटी फुकीढल भएकी स्वास्नी मान्छे जो दाहोरो सास फेरिरहेकी थिई सुस्केरा जस्तो आवाजमा आफ्नो लोग्नेलाई भनी टुङ्गोमा पुग्छु जस्तो लागेको छैन मलाई, खै रगत त्यत्तिकै आइरहेछ' त्यसपछि उसले खोकी र आफूसँगै बोकेको झुत्रो भइसकेको सिँगो फरियामा थुक पोको पार्दै भनी– बोकेर आइयो भन्ने नाउँ मात्रै असाध्यै दुख्दो रहेछ, अहिले त रगत मात्रै छ" (पृ. ८)। कथामा आएको यस व्याधिभावले शोक स्थायीभावलाई परिपाक अवस्थामा पुऱ्याउन सहयोगी भूमिका निर्वाह गरेको छ ।

**मतिभाव**

रोगले थला परेकी श्रीमतीलाई नैनबहादुरले काठमाडौँ लगेर सरकारी अस्पतालमा उपचार गराउने निधो गरेको छ। यो मति भाव हो । उसको विवेकले श्रीमतीलाई काठमाडौँको सरकारी अस्पतालमा पुऱ्याउन पाए सबै ठीक हुन्छ भन्ने ठहऱ्याएको छ । गरिबलाई अरू कसैले नहेरे पनि सरकारले हेर्छ भन्ने बुझाई उसको छ र ऊ त्यसैअनुसार जतिसक्दो चाँडो बिरामी श्रीमतीलाई काठमाडौँको सरकारी अस्पतालसम्म पुऱ्याउन चाहन्छ । यो कुरा कथामा उसले यसरी व्यक्त गरेको छ : "हिजोसम्म यो आइमाई कान्लामा घाँस काट्दै थिई त्यसैले अहिले यो मर्नै सक्तिन । मान्छेको जीवन हिजोको आजै तलमाथि पर्ने खालको हुँदैन, अस्पताल पुग्न पाउनुपर्छ सब ठीक हुन्छ । अन्तमा उसले आफैलाई सम्झायो- हामी गरिबको कोही नहोस् रे सरकार त छ"(पृ. ८) । यसरी प्रस्तुत कथामा सञ्चारी भावका रूपमा मतिभावको प्रयोग गरिएको छ र यो स्थायीभावलाई परिपाक अवस्थामा पुऱ्याउन सहयोगी देखिन्छ ।

**आलस्यभाव**

बसको यात्राको थकाइ, रिक्साको थकाइ तथा यात्राभरि फोक्सोबाट निस्केको रगतको फाल्साले नैनबहादुरकी श्रीमती सिथिल हुनु र हिँड्न नसक्नु आलस्य भाव हो। बाह्रबिसेको बसस्टपबाट काठमाडौँको वीर अस्पतालसम्म आइपुग्दा ऊ अत्यन्त सिथिल भएकी छ । उसलाई आलस्यले सताएको छ । हिँड्नै नसक्ने भएपछि उसलाई नैनबहादुरले बोकेर अस्पतालको इमरजेन्सीतिर दौडाएको छ । "....बसको थकाइ, रिक्साको थकाइ तथा यात्राभरि फोक्सोबाट निस्केको रगतको फाल्साले किस्नेकी आमालाई हुनसम्म सिथिल तुल्याइसकेको थियो । ऊ हिँड्न सकिन, नैनले उसलाई बोकेर यमरजेन्सीतिर दौडायो र बाहिर चौतारीमा बिसायो" (पृ. ९) । यस्तो आलस्य भाव कथामा करुण रसको परिपाकका लागि सहयोगी बनेर आएको छ ।

**अमर्षभाव**

श्रीमतीको उपचारका निम्ति वीर अस्पताल पुगेपछि नैनबहादुरले सोच्दै नसोचेको घटना बेहोर्नुपर्छ । त्यहाँ उसको आशा, भारोसा र विश्वास विपरीतको व्यवहार हुन्छ । सरकारी कर्मचारी र डाक्टरहरूको हेपाहा प्रवृत्तिका कारण उसकी श्रीमतीको उपचार हुन नसक्दा नैनबहादुर धैर्यशून्य अवस्थामा पुग्दछ । ऊ धैर्यशून्य अवस्थाम पुग्नु र उसमा असह्यबोध हुनु अमर्षभाव हो। बिरामी श्रीमतीलाई बोकेर याचना गरिरहेको नैनबहादुरलाई दुर्व्यवहार गर्दै कोठाबाट घोक्रेठ्याक पनि लगाइन्छ । यतिखेर नैनबहादुर र उसकी बिरामी श्रीमतीको अवस्था नाजुक बन्दछ : "नैनले केही सुझाव, केही आदेश, केही प्रश्न र केही हप्की दप्की कडकदार भाषामा सुन्दै गयो ।

एउटा कोठाबाट घोक्रेठ्याक पनि खायो" (पृ. ९) । यसरी कथामा आएको अमर्षभाव करुण रसको परिपाक अवस्थाका निम्ति सहयोगी रूपमा आएको छ ।

**श्रमभाव**

नैनबहादुर चेस्ट क्लिनिकको खोजीमा भौँतारिएर असिनपसिन हुँदै थकित शरीर र थकित मानसिकता लिएर श्रीमतीका छेउमा आउनु श्रम भाव हो । वीर अस्पतालमा श्रीमतीको उपचार हुन नसकेपछि टेकु अस्पताल पुगेको नैनबहादुर चेस्ट क्लिनिक खोज्न फेरि अस्पताल बाहिर भौँतारिँदै लखतरान भएर फर्किन्छ । यस घटनामा कथामा श्रमभाव व्यक्त भएको छ : "केहीबेर चेष्ट क्लिनिकको खोजीमा भैँतारिएपछि नैन रित्तो हात असीन पसीन थकित शरीर, थकित मानसिकता लिएर किस्नेकी आमा भए ठाउँमा फर्क्यो र उसको खुट्टानिर ठाउँ बनाएर बस्यो" (पृ. १०) । यसरी प्रस्तुत कथामा सञ्चारी भावका रूपमा श्रमभाव आएको छ र यो शोक स्थायीभावको उद्बोधन एवम् करुण रसको परिपाकका लागि सहयोगी बनेको देखिन्छ ।

**मरणभाव**

आशावादी भएर टेकु अस्पतालमा पुगेकी नैनबहादुरकी श्रीमतीको उपचार त्यहाँ पनि हुन सक्दैन । ऊ बेवारिसे अवस्थामा बाटैमा अलपत्र हुन्छे । नैनबहादुर चेस्ट क्लिनिक खोज्न जान्छ तर नैनबहादुरकी श्रीमतीको कारुणिक मृत्यु हुन्छ । नैनकी श्रीमतीको हृदयविदारक मृत्यु हुनु मरण भाव हो "तर किस्नेकी आमा नियतिको अस्पतालमा पुगिसकेकी थिई"(पृ. ११) । यही मरणभावले प्रस्तुत कथामा शोक स्थायी भावलाई उत्कर्षमा पुऱ्याएको छ र करुण रस परिपाक भएको छ ।

**अश्रुभाव**

प्रस्तुत कथामा किस्नेकी आमा अर्थात् नैनबहादुरकी श्रीमतीको मरण कारुणिक छ । श्रीमतीको मुत्य पश्चात् श्रीमान् नैनबहादुर शोकाकुल अवस्थामा पुगेको छ । उसलाई चिच्याएर रुन मन लाग्छ । श्रीमतीको मुत्युको पीडा सहन नसकेर चिच्याएर रुनु अश्रुभाव हो । नैनबहादुरको यस किसिमको विरहबाट पाठक हृदयमा करुणा उत्पन्न हुन्छ । यस भावले करुण रसको परिपाकका निम्ति सहयोगी भूमिका खेलेको छ ।

**चिन्ताभाव**

अलपत्र अवस्थामा रहेकी श्रीमतीको लासलाई दाहसंस्कारका निम्ति लैजान नसक्दा नैनबहादुर चिन्ताग्रस्त हुनु चिन्ता भाव हो । रिक्सा र ट्याक्सीले भने जति पैसा तिर्न नसक्दा नैनबहादुरले श्रीमतीको लास उठाउन सक्दैन । आफ्नै गाउँतिर लगेर श्रीमतीको अन्त्येष्टी गर्ने उसको चाहनामा तुषारापात हुन्छ । लास कसरी लिएर जाने वा छोडेर जाने भन्ने कुराले उसलाई चिन्तित बनाउँछ । कथाको यस साक्ष्यले यस भावको अभिव्यक्तिलाई अझ स्पष्ट पारेको छ : "निसहाय भएर नैन फर्केर आयो, उसलाई सबै मान्छे मरेको जस्तो लाग्यो, ज्युँदो त उसकी श्रीमती मात्र छे र अब उसलाई गएर भन्नु नै छ कि तेरो ज्यानलाई बाह्रबिसेको बससम्म लैजान कुनै पनि रिक्सा ट्याक्सीले मानेन, सक्छेस् भने आफै उठेर हिँड्, यहाँ सबै मान्छे मरेका छन् । तँ एउटी मात्र जिउँदी छेस्" (पृ. ११) । यसरी नैनबहादुरको चिन्तित अवस्था करुण रसको परिपाकका निम्ति सहायक भाव भएर आएको देखिन्छ ।

**विषाद्भाव**

नैनबहादुरमा उपायहीन अवस्थाबाट खिन्नता उत्पन्न हुनु विषाद् भाव हो । नैनबहादुर विवश भएर श्रीमतीको लासलाई बेवारिसे छोडेर लुसुक्क बाह्रबिसेको बसभित्र छिर्दछ । उसको विवश र उपायहीन अवस्था कथामा टिठलाग्दो भएर देखापरेको छ । कसैबाट सहयोग पाउन नसक्दा ऊ उपायहीन भएर श्रीमतीको लासलाई त्यसै छोडेर लुसुक्क भाग्न विवश भएको हो । कथाको यस साक्ष्यले उक्त कुरालाई पुस्टि गर्दछ :

अब नैन भन्ने नैनबहादुरले आफूलाई जीवनमा सबैभन्दा बढी विवश भएको पायो । उसलाई लाग्यो, ऊ एकदमै एक्लो छ त्यसैले ऊ हुलबाट बिस्तारै बाहिर निस्क्यो । जीवनमा पहिलोपल्ट नैनले आज उसकी स्वास्नीलाई चिनेन, उसका तीनवटा लालाबालाकी आमालाई, उसकी अर्धाङ्गिनीलाई, उसकी जीवनसाथीलाई तर उसले बडो महत्त्पूर्णवस्तुलाई चिन्यो, उसले आज सरकार चिन्यो । नजिकबाट असाध्यै मज्जासँगले चिन्यो ....। (पारिजात, २०४९, पृ. ११)

यसरी प्रस्तुत कथामा नैनबहादुरको विवशताको चित्रण गर्ने त्रममा विषाद् भाव आएको छ । यो विषाद् भाव पनि कथामा करुण रसलाई परिपाक अवस्थामा पुऱ्याउन सहयोगी बनेको छ ।

**स्मृतिभाव**

भीडबाट पलायन भएको नैनबहादुरले बाह्रबिसेको बसभित्र छिरेर आफ्नी श्रीमतीको स्मरण गर्नु स्मृतिभाव हो । श्रीमतीलाई सद्धे फर्काउन नसकेकोमा त ऊ दुःखी छँदै थियो तर लासलाई गाउँसम्म फर्काउन नसक्नुको विवशता उसले श्रीमतीको आत्मालाई सुनाएको हो । ऊ श्रीमतीलाई सम्झेर भावुक बनेको छ । कथाको अन्तिम घटनाका रूपमा आएको यो स्मृतिभाव करुण रसको परिपाकका निम्ति ज्यादै उपयोगी भएर आएको छ : "भीडबाट पलायन भएको नैन सोझै आएर बाह्रबिसे जाने बसमा चढ्यो र आत्म स्वीकृति पोख्दै गयो, किस्नेकी आमा, मान्छेको आत्मा हुन्छ भन्ने सुनेको थिएँ, तैँले मेरो दुख देखिहालिस् तेरो ज्यानलाई सद्दे बनाएर ल्याउन कम्सर कसेर गएको मैले तेरो लास पनि ल्याउन सकिनँ"(पृ. १२) । यसरी प्रस्तुत कथामा आदिदेखि अन्त्यसम्म नै विभिन्न किसिमका सञ्चारी भावहरू आएका छन् र यी भावहरूले कथामा मुख्य रसका रूपमा आएको करुण रसलाई परिपाक अवस्थामा पुऱ्याउन सहयोग गरेका छन् ।

**स्थायीभाव**

प्रस्तुत कथामा शोक स्थायीभाव रहेको छ र यो परिपाक अवस्थामा पुग्दा करुण रस निष्पत्ति भएको छ । यस कथामा चरम गरिबी र अभावमा पिल्सिएकी, रोगले थलिएकी एक ग्रामीण नारी सरकारको आश गरेर उपचारका निम्ति काठमाडौँ आए पनि सरकारको बेवास्ताका कारण अकाल ज्यान गुमाउन विवश भएको अवस्थाले करुण रसोचित भाव प्रधान रहेको हुँदा शोक स्थायीभाव रहन गएको छ । प्रस्तुत कथामा नेपाली समाजमा विद्यमान रहेको गरिबी र गरिबीले आक्रान्त दीनजीवनको कारुणिक अवस्थाको यथार्थ चित्रण हृदयविदारक ढङ्गले गरिएको छ । कथामा नैन भन्ने नैनबहादुर र उसकी श्रीमती चरम गरिबी र राज्यबाट उपेक्षित हुनुको पीडा भोग्न विवश छन् । उनीहरूको अवस्था दयनीय एवम् टिठ लाग्दो छ । कथाको प्रारम्भिक घटनादेखि नै यस कथाको नायक नैनबहादुरका मनमा शोक स्थायीभाव जागृत हुनपुग्छ र यसबाट पाठकहृदयमा पनि विस्तारै शोकभाव उद्‌बुद्ध हुने अवस्था सिर्जना हुन्छ । प्रस्तुत कथामा गरिबी र सरकारको उपेक्षाका कारण समयमै उपचार पाउन नसक्दा नैनबहादुरकी रोगी श्रीमतीले अकालमै ज्यान गुमाउन पुगेकी छ । देशका सामाजिक, आर्थिक समस्या एवम् यथार्थलाई कथामा जस्ताको तस्तै उतारिएको छ । मुखबाट रगत आउने रोगले ग्रस्त श्रीमतीलाई उपचार गराउन

बाह्रबिसेको बसस्टपबाट हिँडेको नैनबहादुरले सरकारी वीर अस्पतालमा उपचार पाउन सक्दैन । उसले यतिखेर पीडादायी अनुभव गर्दछ । टेकु अस्पतालमा डाक्टरहरूको कुराबाट ऊ केही आशावादी हुन्छ तर चेस्ट क्लिनिक खोज्दा खोज्दै उसकी श्रीमती सिकिस्त हुन्छे । नैन यताउता भौँतारिँदा भौँतारिँदै उसकी श्रीमतीको कारुणिक मृत्यु हुन्छ । उसले घटनाका चार वटा चरण पार गर्छ । नाटकका चार वटा चरणहरू वास्तवमा भन्ने हो भने नैनबहादुरले राज्यबाट उपेक्षित भएर बाँच्नु पर्दाका तीता घटनाका शृङ्खलाहरू हुन् । पहिलो चरणमा टी.बी. रोगले ग्रस्त आफ्नी श्रीमतीलाई नैनबहादुरले बाह्रबिसे बसस्टपदेखि काठमाडौँ औषधोपचारका निम्ति ल्याउने तरखर गरिरहेको दृश्य हो । श्रीमती सिकिस्त भए पनि नैन आशावादी देखिन्छ । श्रीमतीलाई हस्पिटल पुऱ्याउन पाए सब ठीक हुन्छ भन्ने उसलाई लागेको छ । सरकारी अस्पताल भएकाले आफूजस्ता गरिबले नि:शुल्क रूपमा सहजै उपचार पाउने उसको बुझाइ छ । यो प्रस्तुत कथाको कथानकको आदि भाग हो । यहाँसम्मको घटनाशृङ्खला र विभिन्न भावहरूले शोक स्थायीभावलाई जागृत गराउन बीजको कार्य गरेका छन् ।

घटनाको दोस्रो शृङ्खला वा चरणमा नैन काठमाडौँको बसपार्कमा आइपुगेर श्रीमतीलाई अस्पतालसम्म पुऱ्याएको दृश्य वर्णित छ । उसको सोचाइ विपरीत अस्पतालबाट पाएको तिरस्कार, अपमान र घृणित व्यवहार यस चरणमा वर्णन गरिएको छ । सरकारी अस्पतालमा विरामीहरूले भोग्नुपर्ने सास्तीका यथार्थ घटनाहरूलाई यस चरणमा मर्मस्पर्शी रूपमा चित्रण गरिएको छ । तेस्रो चरणमा नैनले विरामी श्रीमतीलाई वीर अस्पतालबाट टेकु अस्पताल पुऱ्याएको दृश्य छ । चिकित्सकको सकारात्मक व्यवहारबाट ऊ निकै आशावादी पनि भएको छ तर छातीको एक्सरे गर्न चेस्ट क्लिनिक खोज्दा खोज्दै सडक पेटीमा उसकी श्रीमतीको दु:खद मृत्यु हुन्छ र उसको जीवनमा आइपरेको ठुलो विपत्तिपछि कथा-नाटकको अर्को चरण सुरु हुन्छ । यहाँसम्म आइपुग्दा यस कथाको कथानक चरमोत्कर्षमा पुगेको छ र त्यसमा विभिन्न भावहरूको संयोजनबाट शोक स्थायीभाव उद्‌बुद्ध भई त्यो परिपाकको अवस्थातर्फ अग्रसर भएको छ ।

अघिका तीनओटै चरणका दृश्यमा श्रीमतीसँग भूमिका निभाएको नैनले चौथो चरणमा एक्लै भूमिका निभाएको छ । मृत श्रीमतीलाई घरतिरै लगेर अन्त्यष्टि गर्ने चाहना अनुरूप लासलाई बसपार्कसम्म लैजान खोज्दा ट्याक्सीले नैनबहादुरले तिर्न नसक्ने पैसा माग्छ । नैनबहादुर यताउति भौँतारिँदै रन्थनिन्छ । उसकै गाउँका माननीय, मुखियाहरू लास हेर्दै हिँड्छन् तर नचिने जस्तो गर्छन् । पुलिसहरू लासका बारेमा सोधपुछ गर्दै छिटो उठाएर लैजान उर्दी जारी गर्छन् । भीडले लास घेरिसकेको हुन्छ तर नैन लासलाई हेर्दै आफूलाई नितान्त एक्लो ठान्छ । सहरका निर्दयी मानिसहरू सबैलाई मुर्दा ठान्दै आफ्नी श्रीमतीलाई मात्र जिउँदो देखेको व्यङ्ग्य गरेर ऊ बाह्रबिसेको बसभित्र छिर्छ र आफूले सक्दो प्रयास गरे पनि बचाउन नसकेको आत्मस्वीकृत श्रीमतीका आत्मालाई सुनाउँदै कथाको समाप्ति भएको आख्यानसन्दर्भ यसमा आएको छ । कथाको शीर्षकले व्यञ्जना अर्थको तहबाट रसाभिव्यक्तिको सङ्केत गरेको छ र कथ्य विषयसँग यसको प्रत्यक्ष सम्बन्ध रहेको छ । कथामा विभाव, अनुभाव र सञ्चारी भावको उचित संयोजनबाट शोक भाव उद्‌बुद्ध भई करुण रस परिपाक हुन पुगेको छ । यस कथामा प्रारम्भदेखि एउटै मात्र रसको प्रयोग गरिएको छ । कथाको प्रारम्भमा नैनबहादुरकी श्रीमतीको रुग्ण अवस्थाको चित्रण भएको छ । यो करुण रसको बीज हो । यहाँ व्याधि सञ्चारी भावले शोक स्थायी भावलाई उकास्न मद्दत गरेको छ । कथानक अगाडि बढ्दै जाँदा विभिन्न किसिमका सञ्चारी भावहरूको प्रकटीकरणबाट शोक स्थायी भाव उद्दीप्त हुने स्थिति देखापर्छ र काठमाडौँका सरकारी अस्पतालमा उपचार पाउन नसक्दा नैनबहादुर र उसकी श्रीमतीको स्थिति नाजुक हुन्छ । अन्त्यमा नैनबहादुरकी श्रीमतीको कारुणिक मृत्यु र नैनबहादुरले श्रीमतीको लासलाई घरतिर लैजान नसकेको घटनाबाट शोक स्थायीभाव उद्दीप्त हुँदा करुण रस परिपाक भएको छ ।

नैनकी श्रीमतीको कारुणिक मृत्युबाट नैनबहादुरको मनमा सुषुप्त अवस्थामा रहेको शोकभाव जागृत भएको छ र त्यसबाट करुण रस निष्पत्ति भएको छ : "किस्नेकी आमा, मान्छेको आत्मा हुन्छ भन्ने सुनेको थिएँ, तैँले मेरो दुःख देखि हालिस् तेरो ज्यानलाई सद्दे बनाएर ल्याउन कम्मर कसेर गएको मैले तेरो लाश पनि ल्याउन सकिनँ । तर मैले सरकार, मान्छे सबै सबै चिनँ, के म सितिमिति बिर्सन सक्छु र आज मेरो मुटुमा किला गाडेको दिन" (पृ. १२) । प्रस्तुत कथामा विभाव, अनुभाव र सञ्चारी भावको अनुकूलनबाट शोक स्थायीभावको निर्माण भएको छ र त्यो उद्दीप्त भएर करुण रस परिपाक भएको छ ।

## निष्कर्ष

'नाटकको चौथो चरण' कथामा रससामग्रीहरूको समुचित प्रयोग भएको छ । यस कथामा विभाव, अनुभाव र व्यभिचारी भावको संयोगको अनुकूलनको स्थितिबाट शोक स्थायीभाव परिपाक भई करुण रस निष्पत्ति भएको छ । प्रस्तुत कथामा नेपाली समाजमा विद्यमान रहेको गरिबी र गरिबीले आक्रान्त दीनजीवनको कारुणिक अवस्थाको यथार्थ चित्रण गरिएको छ त्यसैले प्रस्तुत कथाको कथावस्तु करुण रसोचित शोकभावले युक्त छ । कथामा एउटै मात्र रसको प्रयोग गरी त्यसैलाई परिपाक अवस्थामा पुऱ्याइएको छ । यस कथाको सुरुआतमै कथाकी नायिका अर्थात् नैनबहादुरकी श्रीमतीको रुग्ण एवम् कारुणिक अवस्थाको हृदयस्पर्शी चित्रण गरी शोकभावलाई उजागर गर्ने चेष्टा गरिएको छ । यसलाई विभिन्न भावहरूमार्फत विकसित गराउँदै उनीहरूले भोगेका सास्तीका घटनाहरूद्वारा शोकभाव उद्बुद्ध भई कथाको अन्त्यमा नैनबहादुरकी श्रीमतीको कारुणिक मृत्यु र नैनबहादुरले श्रीमतीको लासलाई घरतिर लैजान नसकेको घटनाबाट शोक स्थायीभाव उद्दीप्त हुँदा करुण रस परिपाक भएको छ । यस घटनाले पाठकहृदयमा करुणा भाव उत्पन्न गराउँदछ । प्रस्तुत कथामा करुण रसोचित घटना विन्यास गरी रस सामग्रीहरूको उचित प्रयोगद्वारा रसलाई परिपाक अवस्थामा पुऱ्याइएकाले रसविधानका दृष्टिले प्रस्तुत कथा महत्त्वपूर्ण र कलात्मक देखापर्छ ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय समालोचना सिद्धान्त.* छैटौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०२८). *पूर्वीय साहित्य सिद्धान्त.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०७२). *रस सिद्धान्त र प्रयोग.* अप्रकाशित लिथो ।

पारिजात (२०४९). *बधशाला जाँदाआउँदा.* काठमाडौँ : गौरी शङ्कर अपाङ्गहरूको सङ्गठन ।

बराल, ईश्वर (२०३९). *आख्यानको उद्भव.* ललितपुर : साझा प्रकाशन ।

भरतमुनि (सन् १९८३). *नाट्यशास्त्रम्. सम्पा. साहित्यभूषण.* केदारनाथ. दिल्ली : भारतीय विद्याप्रकाशन ।

भरत (२०४६). *नाट्यशास्त्रम् . सम्पा. तथा व्याख्या.* सुधा रस्तोगी. वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

मम्मट (सन् २००८). *काव्यप्रकाशः . व्याख्या.* आचार्य, विश्वेश्वर. नवम् संस्क. वाराणसी : ज्ञानमण्डल, लिमिटेड ।

लुइटेल, गोविन्दप्रसाद (२०७२). "पारिजातका कथामा वाच्यत्व र कथनीयता". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रि. वि. कीर्तिपुर ।

विश्वनाथ (सन् १९७७). *साहित्यदर्पणः . व्याख्या. शालिग्राम शास्त्री.* नवम संस्क. वाराणसी : मोतीलाल बनारसीदास ।

विश्वनाथ (सन् १९८२). *साहित्यदर्पणः . व्याख्या.* सिंह, सत्यव्रत. षष्ठ संस्क. वाराणसी : चौखम्बा विद्याभवन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।